# सोलुदुधकुण्ड नगरपालिका

ཨཱོཾ། །སོལ་ཁུམ་བུ་...

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प.सं. : ०७६/०७७ प्रदेश नं. १, नेपाल

च.नं. : ......... मिति : २०७७/०२/२९

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

मिति २०७७/०२/२९

प्रेस विज्ञप्ति

सोलुदुधकुण्ड नगरपालिकाको मिति २०७७/०२/२७ गते बसेको कार्यपालिका बैठकमा भएको छलफलको क्रममा अप्रत्यासित रुपमा यस नगरपालिकाका नगर उप-प्रमूख तथा नगर प्रवक्ता बिचमा असमझधारी सृजना भई एक आपसमा हात हालाहालको स्थिति उत्पन्न भएको र बैठक समेत अबरुद्द हुन पुगेको घटनाले मलाई अत्यन्तै दुःखीत तुल्याएको छ।

मेरो अध्यक्षतामा बसेको बैठकमा आकस्मिक रुममा घटना घट्न गएको र सो बिषयलाई सम्बोधन गर्न तत्कालाई पहल कदमी लिन बैठक स्थगित गरी छलफल कार्य निरन्तरता अघि बढाएको थिए। समग्र नगरपालिका परिवार तथा नगरबासीको चाहानालाई पुरा गर्न जनप्रतिनिधिहरुको मूल कार्यभार भएकोले नगर उप-प्रमुख तथा नगर प्रवक्ताबाट बिशिष्ट भुमिका निर्बाह गर्दै आगामी दिनमा मैत्रिपुर्ण वातावरण सृजना हुने छ भन्ने विस्वास लिएको छु।

यस दुखद घटनाबाट उत्पन्न असहज परिस्थितिलाई व्यवस्थापन गर्नु नगर प्रमुखको हैसियतले मेरो जिम्मेवारी भएकोले परिस्थिति सहज बनाउन निरन्तर सम्बादबाट आगामी दिनहरुमा सहकार्य,एकता, समझदारी तथा समन्वय बृद्धि गरि लैजाने प्रतिबद्धताका साथ नगरपालिकालाई विकासको गतिमा लैजान सबै जनामा हार्दिक अपिल गर्दछु। यो असहज परिस्थतिलाई सहज बनाउन सहयोग पुऱ्याउनुहुने सम्पुर्ण नगरबासी तथा सरोकारवालाहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु।

नाम्गेल जाङबु शेर्पा

नगर प्रमुख

नगर प्रमुख